बागमती प्रदेश सरकार

खानेपानी ऊर्जा तथा सिंचाइ मन्त्रालय

## खानेपानी तथा सरसफाइ डिभिजन नं.३ सिन्धुपाल्चोक

# विभिन्न खरीद कार्यको दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२६

यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरूमा चालु आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार विभिन्न खरीद कार्य दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इजाजतप्राप्त दरभाउपत्रदाताहरूबाट निम्नशर्तको अधिनमा रही प्रत्येक प्याकेजको लागि छुट्टाछुट्टै दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले दरभाउपत्रको हकमा ७ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लेखित राजस्व दस्तुर बुझाई (फिर्ता नहुने गरी) दरभाउपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय, सिन्धुपाल्चोकबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित मितिले ८ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका दरभाउपत्र सूचना प्रथमपटक प्रकाशित मितिले ८ औं दिन दिनको १.०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र जमानत बापतको रकम तल उल्लेखित तालिकामा उल्लेख भएबमोजिम प्रदेश लेखा इकाई कार्यालयको एकल कोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं ३१३०२२७०१३ धरौटी खाता नं. ०४७०२०००००२००३००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम दिनले कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षर दुवैमा स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । एच.डि.पि.पाईपको हकमा इजाजत प्राप्त निर्माता वा निर्माता कम्पनीबाट एकलौटी अधिकार प्राप्त फर्महरूबाट मात्र दरभाउपत्र खरिद गर्ने र दाखिला गर्न पाउने छ ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ । अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

<u>तपसिल</u>

| ठेक्का नं. | कामको विवरण | लागतअनुमान रकम रु. (म्याट बाहेक) | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १६/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १६,९५,०००।०० | १०००।– | ५०,०००।– | दरभाउपत्र |
| १७/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,२०,०००।०० | १०००।– | ५०,०००.– | दरभाउपत्र |
| १८/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १६,६०,५००।०० | १०००।– | ५०,०००।– | दरभाउपत्र |
| १९/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य | १७,४५,३५०।०० | १०००।– | ५०,०००।– | दरभाउपत्र |

डिभिजन प्रमुख